NSW GOVERNMENT | Education Public Schools

## *Nitbusters* विषयमा आमाबाबु / हेरविचारकर्ताहरु लाई पत्र: विद्यालय मा जुम्रा कार्यक्रम

## Letter to parents/carers concerning *Nitbusters: Head lice in schools program*

बालकको नाम ______________________ कक्षा ______________

Child's name Class

Nitbusters दिवसको मिति ______________________

Date of Nitbusters Day

स्वीकृती फारम फिर्ता गर्नुपर्ने मिति ______________________

Date for return of consent form

श्री अविभावक/संरक्षक

Nitbusters ले टाउकोको जुम्रा र तिनीहरूलाई कसरी हटाउने बारेमा विद्यालयमा बालकहरुलाई र आमाबाबुलाई शिक्षित गर्ने उद्येश्य राखेकोछ।

म माथि देखाइएको मिति मा विद्यालयमा आयोजित गरिन लागेको Nitbusters दिवसमा भाग लिन तपाईको आफ्नो बच्चाको लागि अनुमति लिनको लागि यो अनुरोध लेख्दैछु। आमाबाबुले Nitbusters दिवसमा परेको खण्डमा मद्दत र टाउको जुम्रा लागि छनौट गर्ने र उपचार कोलागि सहयोग गर्न सक्दछन्।

हरेक बच्चालाई भाग लिनको लागि प्रोत्साहन  गरिन्छ। कुनै पनि बालबालिकालाई हस्ताक्षरित सहमति फारम बिना भाग लिन सक्नेछैनन्, र तिनीहरूलाई भाग नलिएकोमा कुनै पनि तरिकामा सजायँ पनि दिईने छैन। आमाबाबु / हेरविचारकर्ताहरु र / वा छोराछोरीले कुनै पनि समयमा सहभागि हुनबाट निक्लन सक्छन्। सहभागी नहुने बालबालिकाहरुलाई जुम्रा र अण्डा र तिनीहरूलाई कसरी हटाउने र चिन्ने बारेमा सिक्न सक्छन्।

Nitbusters दिवस मा प्रत्येक भागलिने बच्चाको आफ्नो कपाल सक्रिय संक्रमण छ छैन भन्ने निर्धारित गर्न निरीक्षण हुनेछ। सहयोगी अभिबावकहरूले स्क्रीनिंग र उपचार प्रक्रिया दुवैको लागि डिस्पोजेबल रबर वा लेटेक्स पन्जा लगाउनु हुनेछ। यदि फूल(अण्डा) वा जुम्रा पाइएमा नियमित कपालका कंडीशनर कपालमा लगाईनेछ र काईँयोले कपाल कोरिनेछ। मोटो काईँयोले कोरेर यो लट्टा हटेपछी, मसिनो काईँयो ले जुम्रा र फुल हटाउन प्रयोग गरिनेछ। पन्जा प्रत्येक बालकको उपचार बीच परिवर्तन गरिनेछ। यदि बच्चाको टाउकोमा कुनैपनि संक्रमण वा घाउ वा प्रोसाईसिस भएको प्रमाणको संकेत देखाउँछ भने, उक्त बच्चाको जांच वा उपचार गरिने छैन।

पूरा भएपछी बच्चाको कपाल काईँयोले कोरेर मिलाईदिनेछ। कंडीशनर विद्यालयमा धुन कठिन भएकोले धोईनेछैन।  कंडीशनरले कपाल बिग्रने छैन र बच्चा घर फर्केपछी धोईदिनुहोला।

सबै काईँयोहरु तातो साबुन पानी प्रत्येक गरेर बीचमा साफ गरिनेछ र टाउकोको जुम्रा ६० डिग्री सेल्सियसमा मर्ने हुनाले त्यो तपाक्रमको तातो पानी धोईन्छ।

यदि फुल, जुम्रा वा दुवै फुल र जुम्रा तपाईको बच्चामा फेला परेमा नोट घरमा पठाइनेछ। सबै अविभावकहरुलाई उनिहरुको बालबालिका कार्यक्रम मा सहभागी नभए पनि टाउको जुम्राको कसरी स्याहार र उपचार गर्ने बारेमा एउटा जानकारी पाना दिइनेछ।

हाम्रो विद्यालयमा Nitbusters सफल हुनको लागि, हरेक बालबालिकाहरु संलग्न हुनुपर्दछ। केवल एउटा संक्रमणित टाउकोले सम्पूरण कक्षालाई असर पार्न सक्दछ। एउटा महत्त्वपूर्ण सन्देश भने कुनै पनि परवाह बिना उमेर, लिङ्ग वा पृष्ठभूमिका टाउकोमा जुम्राले पकड गर्न सक्छन्। उपचार समुदायमा रुपमा र निरन्तर हुन आवश्यक छ।

कार्यक्रममा सम्पूर्ण समुदाय बिद्यार्थीहरुलाई टाउकोको जुम्रा एकै साथ उपचार गर्न एकजुटका साथ समन्वित रुपमा लाग्ने र विद्यालय परिसर मा एक Nitbusters दिवस संचलान गर्नेकुरा संलग्न छ। विद्यालय अभिभावक समुहले सबै बालबालिकाहरुलाई टाउको जुम्रा लागि स्क्रीन र उपचारको दिनको आयोजना गर्दछ। स्क्रीनिंग प्रारम्भिक विद्यालयका दिन स-साना बालबालिकाहरुबाट शुरु गरेर कक्षा कक्षा गरेर आमा / संरक्षक स्वयम्सेवकहरूले गरेको हुन्छ। कार्यक्रमले काईँयो र कंडीशनर विधि प्रयोग गर्दछ जुन एउटा टाउको जुम्रा को हटाउने माध्यम हो जुन सुरक्षित, गैर-रासायनिक उपचार पनि हो।

यदि तपाईं Nitbusters दिवसमा आफ्नो बच्चाको सहभागितामा सहमत हुनुहुन्छ भने, अंग्रेजी मा सहमति फारम पूरा गरेर माथि देखाइएको मिति भित्रमा विद्यालयमा फिर्ता गर्नुहोस्। एक अलग अलग सहमति फारमहरु प्रत्येक बच्चाको लागि हस्ताक्षर गर्नु पर्छ।

*यो जानकारी NSW स्वास्थ्य को Nitbusters वेभसाईट मा उलपब्ध जानकारीको आधारमा छन्।